महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मितिः २०७८/१२/११

## नगर शिक्षण सहायकका लागि दरखास्त आव्हान गरिएको सूचना !
## (प्रथम पटक प्रकाशित मिति २०७८/१२/११)

यस नगरपालिकाको चालू आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगर शिक्षण सहायक पदका लागि तोकिएको न्यूनतम् योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्रसं | विज्ञापन नं | पद | माग पदसङ्ख्या |
|---|---|---|---|
| १ | ०१/०७८/०७९ | नगर शिक्षण सहायक | ५ |

१. **आवश्यक न्यूननतम् योग्यता**
   क. १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
   ख. कक्षा १२ उत्तीर्ण भई १० महिने शिक्षण तालिम प्राप्त वा शिक्षा शास्त्र सङ्कायमा कक्षा १२ उत्तीर्ण।
   ग. कम्तीमा प्राथमिक तहको स्थायी शिक्षण अनुमति पत्र प्राप्त गरेको ।

२. **आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी शिक्षण अनुमति पत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो २ प्रति, कार्यानुभव भए अनुभव खुल्ने कागजात।
३. **दरखास्त पाइने स्थानः** महालक्ष्मी नगरकार्यपालिकाको कार्यालय, ललितपुरको वेबसाइट www.mahalaxmimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
४. **दरखास्त बुझाउने स्थानः** शिक्षा, युवा तथा खेलकुद शाखा, महालक्ष्मी नगरपालिका ललितपुर।
५. **आवेदन दस्तुरः** सनराइज बैक लुभुको नगर शिक्षा कोषको खाता नं ०३७०४३०७१९७०१००१ मा रु ५०० जम्मा गरेको सक्कल भौचर।
६. **आवेदन दिने अन्तिम मितिः** २०७८/१२/२५ गते
७. **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तरवार्ता
८. **प्राथमिकताः** अनुभवी र स्थानीयलाई प्राथमिकता दिइनेछ।
९. **पारिश्रमिक तथा सेवा सुविधाः** करार सम्झौता बमोजिम
१०. **करार अवधिः** १ वर्ष

........................
सुनिता योङहाङ
शाखा अधिकृत

अनुसूची

महालक्ष्मी नगरपालिका

शिक्षण सहायक शिक्षक छनोट समिति

उमेद्वारको पासपोर्ट साइजको फोटो

## शिक्षण सहायक शिक्षकको प्रतियोगीतात्मक परीक्षाको दरखास्त फाराम

१. व्यक्तिगत विवरण सम्बन्धि :

उम्मेदवारको नाम,थर (देवनागरीमा) : ....................................................................

(अंग्रेजी ठूलो अक्षरमा) : ................................ लिङ्ग :............

नागरिकता नं. .....................जारी गरेको जिल्ला :............................ मिति :..........................

स्थायी अध्यापन अनुमति पत्र नं.......................... तह : ....................................

स्थायी ठेगाना जिल्ला :............................ गा.पा./उ.म.न.पा :...................................

वडा नं.: टोल............................. पत्राचार गर्ने ठेगाना : .............................................

ईमेल : ..................................................................

बाबुको नाम, थर : .....................................................

आमाको नाम, थर:................................................

बाजेको नाम, थर:.......................................... पति/पत्नीको नाम, थर : ......................................

जन्ममिति: साल........... महिना.............. गते......... : वि.सं.मा : ई.सं........................................

दरखास्त दिने अन्तिम मितिसम्मको उमेर : वर्ष :........ महिना .......... दिन : ............।

२. न्यूनतम शैक्षिक योग्यतासम्बन्धी विवरण (सम्बन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)

| क. स | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कूल प्राप्तांक | प्रतिशत | मुख्य विषयहरू |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |

३. दश महिना वा सोभन्दा माथिको तालिमको विवरण

| क. स | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिम को नाम | विषय | परीक्षा उत्तीर्ण गरेको साल वि.सं./इ.स. | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| | | | | | | | | |
| | | | | | | | | |

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

४. शिक्षण सहयोगी शिक्षक पदको खुला परीक्षाको लागि राजश्व (परीक्षा दस्तुर) वापतको रकम : ........./( बैंक भौचर नम्बर ................ मा मिति .................दाखिला गरेको सक्कल भौचर र दरखास्त फारामसाथ संलग्न कागजातहरूको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ........... यसैसाथ पेस गरेको छु ।

५. यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरू सत्य छन्। उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरू पालन गर्न मन्जुर गर्दछु । लेखिएको विवरण झूठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला । साथै यस निर्देशिका को उपनियम (१) को खण्ड (क-घ) बमोजिम उम्मेदवार हुन अयोग्य नभएको व्यहोरा समेत अनुरोध गर्दछु ।

ल्याप्चे सहिछाप

दायाँ बायाँ

उम्मेदवारकको दस्तखत

मिति : २० / / गते

अनुसूची

महालक्ष्मी नगरपालिका

ललितपुर नेपाल, बागमती प्रदेश

पहिलो खण्ड

## शिक्षण सहायक प्रतियोगितात्मक सामान्य (बस्तुगत) परीक्षाको पाठ्यकम-२०७८

*पद: शिक्षण सहायक* *पूर्णाङ्क : ३०* *समय: ३० मिनेट*

एकाइ एक: विश्व तथा नेपालको भूगोल:

१.१ पृथ्वीको परिचय, उत्पति र गति ।

१.२ महासागर, महादेश, भौर्गोलिक क्षेत्र र विशेषता ।

१.३ पृथ्वीको अवस्थिति, अक्षाँस, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय र दूरी ।

१.४ जलवायु, पर्वत श्रृङ्खला, मरुभूमी, भूकम्प, ज्वालामुखी, नदी र हिमनदी ।

१.५ नेपालको भौगोलिक अवस्था, धराललीय स्वरुप, किसिम र विशेषता, प्राकृतिक स्रोतहरु, किसिम, उपलब्धता र उपयोगको अवस्था ।

१.६ नेपालको भौगोलिक विविधता र जनजीवन ( हावापानीको किसिम, विशेषता र त्यसको प्रभाव )

एकाङ्ग दुई: नेपालको इतिहास, संस्कृति, सामाजिक, आर्थिक व्यवस्था र विकासक्रम :

२.१ :आधुनिक इतिहास, महत्वपूर्ण रानीतिक घटनाक्रम ।

२.२ : नेपाली समाजको बनौट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता, साँस्कृतिक सम्पदा, किसिम, स्थिति, विशेषता, महत्व र संरक्षण ।

२.३ : नेपालको अर्थतन्त्रको स्वरुप, विकासका पूर्वाधाहरु (शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, यातायात, विद्युत र पर्यटन) ।

२.४ : चालु आवधिक योजना र बजेट ।

एकाइ तीन: बातावरण, विज्ञान र प्रविधि :

३.१ : दिगो विकास, नेपालको जलवायुको अवस्था, हरितगृह प्रभाव, बातावरण प्रदूषण ।

३.२ : पारिस्थितिक पद्धति ( Ecosystem )को परिचय र प्रकार ।

३.३ : जनसाङ्ख्यिकीय , शहरीकरण र बसाइँ सराई र प्रवाभ ।

३.४: जैविक प्रविधि र बैकल्पिक उर्जा ।

३.५: विज्ञान र प्रविधिको विकास ।

एकाइ चार: राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध, संघ/संस्था, राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, साँस्कृति घटनाहरु:

४.१ संयुक्त राष्ट्रसंघको परिचय, यसका अङ्गहरु, विशिष्टीकृत संस्थाहरु र तिनका गतिविधिहरु ।

४.२ :क्षेत्रीय सङ्गठनहरु (सार्क र बिमस्टेक) ।

४.३ : अन्तराष्ट्रिय राजनीतिक, सामाजिक, आर्थिक, बैज्ञानिक, साँस्कृति घटनाहरुको सामान्य ज्ञान ।

एकाइ पाच: शिक्षा, शिक्षा मनोविज्ञान, सिकाइ, पाठ्यक्रम, शिक्षण विधि, विद्यार्थी मूल्याङ्कन र परीक्षा :

५.१ : शिक्षाको परिचय र नेपालको शैक्षिक विकास ( शिक्षाको अर्थ, परिभाषा, स्वरुप, उद्धेश्यहरु र कार्यहरु), नेपालको आधुनिक शैक्षिक इतिहास, शैक्षिक सङ्गठन र संरचना ।

५.२ : शिक्षा मनोविज्ञानको अर्थ, अवधारणा, आवश्यक्ता र महत्व, मानज विकास (बृद्दि र विकासको अवधारणा, चरण र विशेषता), उत्तरबाल्यावस्थाको विशेषता, उत्तर बाल्यावस्थामा देखा पर्ने परिवर्तनहरु (शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक परिवर्तन) र रुचीहरु ।

५.३ : सिकाइका सिद्धान्तहरुको परिचय, विशेषता, शैक्षिक उपयोगिता, कार्यपरक सम्बन्धन सिद्धान्त ।

५.४ पाठ्यक्रमको परिचय, अवधारणा, उद्धेश्य, क्षेत्र र क्रम, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, पाठ्यक्रममा विविधता व्यवस्थापन, स्थानीय पाठ्यकम, एकीकृत पाठ्यक्रम, पाठ्यक्रम-पाठ्यपुस्तक र शिक्षक निर्देशिका बीचको अन्तर सम्बन्ध ।

५.५: शैक्षणिक यौजनाको परिचय, अवधारणा, वार्षिक कार्ययोजना, बार्षिक शैक्षणिक योजना, एकाइ योजना र दैनिक पाठयोजना, शिक्षण सिकाइ बिधिको अर्थ, शिक्षक केन्द्रीत शिक्षण बिधि, अन्तरक्रियात्मक शिक्षण विधि, विद्यार्थी केन्द्रीत शिक्षण बिधि, शिक्षण सामग्रीको अर्थ, वर्गीकरण, निर्माण, प्रयोग र भण्डारण ।

५.६ परीक्षा र मूल्याङ्कनको परिचय, मापन र मूल्याङ्कन बीच भिन्नता, मूल्याङ्कनका प्रकार, साधन र विशेषता, परीक्षाको प्रकारहरु ( विषयगत, बस्तुगत, स्तरीकृत र शिक्षक निर्मित परीक्षा) प्रश्न पत्र निर्माण, विशिष्टीकरण तालिका , प्रश्न हरुको विश्लेषण, बैद्यता र विश्वसनीयता ।

५.७ निरन्तर मूल्याङ्कन प्रणाली, अक्षराङ्कन पद्धति र नेपालको सन्दर्भमा निरन्तर मूल्याङ्कन प्रणालीको अवस्था ।

एकाइ छ : सूचना तथाल सञ्चार प्रविधिको सामान्य ज्ञान :

६.१ : कम्प्युटरको परिचय, प्रकार, हार्डवेय र सफ्टवेयर सम्वन्धी आधारभूत ज्ञान, अफिस प्याकेज, (वर्ड, एकसेल, पावर प्वाइण्ट) इमेल, इन्टरनेटको आधारभूत ज्ञान ।

६.२ : विद्यालयमा प्रयोग गरिने साधारण सफ्वेयर सम्वन्धी आधारभूत ज्ञान ।

६.३ : शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग ( श्रव्य, दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, इ पुस्तकालय) विकास र व्यवस्थापन ।

६.४ : साइबर अपराध र सुरक्षा सम्बन्धी आधारभूत ज्ञान ।

एकाइ सात : संविधान, शिक्षा सम्वन्धी ऐन तथा नियमहरु

७.१ : नेपालको संविधान ( मौलिक हक र राज्यका निर्देशक सिद्धान्तहरु) ।

७.२ : शिक्षा ऐन २०२८ (संशोधन समेत) ।

७.५: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (शिक्षा सम्बन्धी)

## दोश्रो खण्ड

## शिक्षण सहयोगी शिक्षक प्रतियोगीतात्मक विषयगत परीक्षाको पाठ्यक्रम-२०७८

**पद:शिक्षण सहगोगी शिक्षक    पूर्णाङ्क : ७०    समय: २ घण्टा ३० मिनेट**

एकाइ एक: शैक्षणिक योजना र कक्षा कोठा व्यवस्थापन:

१.१ शैक्षिणिक योजना: परिचय, आवश्यक्ता, निर्माण र प्रयोग ( बार्षिक कार्य तालिका, बार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र दैनिक कार्यतालिका), कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्व, कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन )

१.२ शैक्षिणिक व्यवस्थापन: कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण, कक्षा कोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता, बौद्धिक र शारीरिक) ।

१.३ शैक्षिक सामग्री र शैक्षिक सुधार: शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामग्री निर्माण र प्रयोग ।

१.४ विद्यालय समुदाय सम्बन्ध: विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदाय बीच सम्बन्ध ।

एकाइ दुई: बाल मनोविज्ञान:

२.१ : बालमनोविज्ञान:अर्थ, क्षेत्र आवश्यक्ता र महत्व ।

२.२ : मानव वृद्धि र विकास: वृद्धि र विकासको अवधारणा, मानव विकासका विशेषताहरु र मानव विकासका चरणहरु ।

२.३ : पूर्व वाल्यावस्था तथा उत्तर वाल्यावस्था: परिचय, विकासात्मक कार्य, विशेषताहरु, शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, रुचिहरु, संकटहरु, पूर्व र उत्तरवाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका ।

२.४ : सिकाइ: अर्थ, स्वरुप र शैलीहरु, परिपक्वता र सिकाइ बीच अन्तर सम्वन्ध, स्व प्रतिविम्वन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ ।

एकाइ तीन: शिक्षण विधि र विद्यार्थी मूल्याङ्कन

३.१ : शिक्षण विधि: प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शिक्षण विधि (परिचय, विशेषताहरु, शिक्षण विधिको वर्गीकरण र प्रयोग), पाठ्यपुस्तक र शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्वन्ध ।

३.२ : शैक्षणिक प्रविधि: अर्थ, परिभाषा, महत्व, वर्तमान अभ्यास, व्यवस्थापन र प्रयोग ।

३.३ : परीक्षा र मूल्याङ्कन: परीक्षाको अवधारणा, उद्धेश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्धेश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग तथा प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु ।

३.४: मूल्याङ्कनका अन्य साधनहरु: अवलोकन, श्रेणीमापन, रुजु सूची, संचित अभिलेख, घटनावृत अभिलेख र कार्य संचयिका ।

एकाइ चार: नेपाली भाषा शिक्षण

४.१ : भाषिक सीप शिक्षण: भाषिक सीप ( सुनाइ, पढाइ र लेखाइ ) सम्वद्ध शिक्षण सिकाइ क्रियाकलाप र शैक्षिक सामग्रीको प्रयोग, पढाइका तत्वहरु (ध्वनि सचेतना, लेख्यवर्ण सचेतीकरण, शब्दभण्डार, पढाइ प्रवाह, बोध र लेखाइ) ।

४.२ : नेपाली भाषामा पद्य र गद्यको शिक्षण: परिचय, प्रयोजन, शिक्षण विधि तथा शिक्षण क्रियाकलाप र भाषिक सीप विकासमा विधा शिक्षणको भूमिका ।

४.३ : व्याकरण शिक्षण: वर्णविन्यास तथा बलेख्य चिन्हको परिचय, प्रयोग, शब्दकोष प्रयोग, शब्द भण्डार र उखान टुक्का, शव्द रचना, वाक्य रचना र वाक्यान्तरण ।

४.४ : नेपाली भाषामा प्रयोग हुने शिक्षण विधिहरु: नेपाली भाषामा प्रयोग हुने शिक्षण विधिहरु तथा मूल्याङ्कनका प्रचलित युक्ति तथा साधनहरु ।

४.५ : बोध अभिव्यक्ति र सिर्जनात्मक लेखन: अनुलेखन, श्रुतिलेखन, अनुच्छेद लेखन, बुँदा लेखन, सारांश लेखन, चिठ्ठी लेखन, निवेदन, शुभकामना कार्ड, निमन्त्रण कार्ड, वादविवाद र संवाद लेखन ।

एकाइ पाच: सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा :

५.१ : सामाजिक अध्ययन: परिचय र महत्व, एकीकृत पाठ्यक्रममा मेरोफेरो र शिक्षण ।

५.२ : समाज र संस्कृति: समाज, संकृति र मानवीय सम्वन्ध तथा सामाजिक समस्या , कारण र समाधानका सरकारी र गैरसरकारी नियकाहरुको भूमिका ।

५.३ : हाम्रो पृथ्वी र भूगोग: पृथ्वीको परिचय र बनौट, विश्व मानचित्रमा नेपालको अवस्थिति, नेपालको भौगोलिक र प्रशासकि विभाजन ।

५.४: ऐतिहासिक गतिविधि: नेपाको प्राचीनकाल , लिच्छवी काल र मल्कालको सामान्य जानकारी, आधुनिक नेपालको निर्माणमा पृथ्वीनारायण शाहको योगदान, वि.सं. २००७ सालको क्रान्तिका उपलव्धी, नेपालमा सङ्घिय गणतन्त्रको परिचय र विशेषता ।

५.५: नागरिक सचेतना र मानव मूल्य शिक्षा: नागरिक शिक्षा, नागरिकका मौलिक हक र अधिकार, सामाजिक मूल्य र मान्यताहरु र मूल्यमा आधारित शिक्षा, नेपालको राज्य संरचना ( सङ्घ, प्रदेश र स्थानीय निकाय) र स्थानीय तहहरुको गठन प्रकिया तथा काम, कर्तव्य र अधिकार ।

एकाइ छ : अङ्ग्रेजी भाषा शिक्षण:

६.१ : Teaching Language Skills:Teaching listening, teaching speaking, teaching reading and teaching writing.

६.२ : Teaching Grammar: Auxiliatiries, tense, noun, adjective, preposition and article.

६.३ : Comprehension Item Development:Matching, fill in the blanks, multiple choice, and shot answer quesrtion and puzzle box solving.

६.४ : Language Function: Indroducing oneself, greeting, expressing needs, expressing experiences, expressing likes and dislikes, describing (people, place and things), requesting and responding.

६.५: Teahniques for English Teaching: Use of text book, preparing lesson plan, using language game, peer work, group work, use of classroom language.

एकाइ सात : गणित शिक्षण:

७.१ : ज्यामिति:समतलिय चित्रहरु त्रिभुज, चतुर्भुज र वृत सम्वन्धी ज्ञान तथा समस्या समाधान ।

७.२ : अङ्क गणित: अङ्क र सङ्ख्याको ज्ञान, गणितका आधारभूत क्रियाहरु, भिन्न र दशमलव, प्रतिशत, समूहका प्रकार र क्रियाहरु, दुरी, परिमिति, क्षेत्रफल र आयातन, समय, मुद्रा र नापतौल ।

७.३ : बीज गणित:बीज गणितीय अभिव्यञ्जकको जोड, घटाउ, गुणन, भाग, सरलीकरण तथा समीकरण ।

७.४: गणित शिक्षण सम्वद्ध विषयहरु: आधारभूत तह ( कक्षा १-३) को पाठ्यक्रमकमा गणितको स्थान र शिक्षण, गणित शिक्षण र शिक्षकको पेशागत विकासमा प्रविधिको प्रयोग ।

एकाइ आठ : विज्ञान तथा प्रविधि शिक्षण:

८.१ : विज्ञान अध्ययन, सूचना तथा सञ्चार प्रविधि:

८.२ : जीव र वातावरण :

८.३ : जीवन प्रकृया:

८.४:पदार्थ र शक्ति:पदार्थका प्रकार (पानी, हावा र चट्टान) पदार्थका भौतिक गुणहरु, शक्तिका विभिन्न स्वरुपहरु ( परिचय, महत्व, स्रोतहरु र उपयोगिता) ।

८.५: अन्तरिक्ष: सूर्य र सौर्य परिवार सम्वन्धि सामान्य ज्ञान ।

एकाइ नौ :स्वास्थ्य शारीरिक शिक्षा तथा सिर्जनात्मक कला:

९.१ : व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइ: व्यक्तिगत सरसफाइ, वातावरणीय सरसफाइ, फोहेर व्यवस्थापन तथा कुहिने फोहोरबाट जैविक मल निर्माण ।

९.२ : प्राथमिक उपचार: परिचय, महत्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर, विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरु, धुम्रपान, मध्यपान र लागू पदार्थको दुर्व्यसनबाट व्यक्ति, परिवार र समाजलाई पर्ने असर र यसबाट बच्ने उपायहरु ।

९.३ : शारीरिक शिक्षाका आधारभूत सीपहरु: गतिशिल अवस्थाका सीपहरु ( दौड, रिलेखेल, हाइजम्प, लङ्जम्प आदि), स्थिर अवस्थाका सीपहरु, साधारण तथा स्थानीय खेलहरु, कवाज र शारीरिक व्यायम, योग, योगासन र योगाध्यास ।

९.४:सिर्जनात्मक कला: परिचय, महत्व, एकीकृत पाठ्यक्रममा सिर्जनात्मक कलाको समावेशीकरण, दृश्यकला, सङ्गीत कला भित्र पर्ने विषयवस्तुहरुको सामान्य परिचय र उदेश्य, विषयवस्तु र पाठ्यभार ।

एकाइ दश : भाषा तथा स्थानीय पाठ्यक्रम:

१०.१ : पाठ्यक्रम:अर्थ, परिभाषा, महत्व, पाठ्यक्रमका आधारभूत तत्वहरु, पाठ्यक्रम निर्माणका आधारहरु, प्राथमिक तहको वर्तमान पाठ्यक्रम संरचना ।

१०.२ : स्थानीय पाठ्यक्रम: परिचय, महत्व, महालक्ष्मी नगर पालिकामा स्थानीय सम्वन्धमा भएको व्यवस्था ।

१०.३ : स्थानीय पाठ्यक्रम निर्धारण प्रकृया र प्रयोग ।

१०.४: स्थानीय पाठ्यक्रम कार्यान्वयन र सिकाइमा प्रभाव पार्ने तत्वहरु: जनशक्ति व्यवस्थापन, पाठ्यपुस्तक व्यवस्था, बहुभाषी समाज र भाषिक विविधता ।

१०.५: नेपाली मातृभाषा तथा स्थानीय भाषा सम्वन्धमा भएका नीतिगत प्रयास: नेपाली मातृभाषा तथा स्थानीय भाषा सम्वन्धमा नेपालको संविधानले गरेको व्यवस्था, कानूनी र संरचनागत व्यवस्था ।